जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र


खण्डः १ | संख्याः १० | मितिः २०७५।०४।०१


भाग- १

जीतपुरसिमरा उपमहानगरपालिका

## केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५

**प्रस्तावनाः**

संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारहरुको कार्यान्वयनमार्फत सुशासन र समृद्धि अभियानलाई अघि बढाउनुपर्ने र संघीय तथा प्रदेश कानून र कार्यविधिले व्यवस्था गरेको अवस्थामा सोही बमोजिम हुने गरी र व्यवस्था नगरिसकेको अवस्थामा यसै बमोजिम हुने गरी जीतपुरसिमरा उपमहानगरपालिकामा आवश्यक ऐन, नियमावली र कार्यविधिहरु तर्जुमा गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभाले केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५ पारित गरी जारी गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको केही कानून तर्जुमा र व्यवस्था गर्न बनेको ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन नगर सभाले पारित गरी प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(१) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनुपर्छ ।


जीतपुरसिमरा उपमहानगरपालिका

(२) “नगर सभा” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।
(३) “कार्यपालिका” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।
(४) “प्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।
(५) “उपप्रमुख” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।
(६) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले उपमहानगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्छ । सो शब्दले कार्यपालिका तथा नगर सभाको सदस्य सचिवसमेतलाई जनाउँछ ।
(७) “वडा समिति” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको वडा समिति सम्झनु पर्छ ।
(८) “वडाध्यक्ष” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको वडाको अध्यक्षलाई सम्झनु पर्छ ।
(९) “कार्यपालिका सदस्य” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख, नगर उपप्रमुख, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यसमेतलाई जनाउँछ ।
(१०)“सदस्य” भन्नाले नगर सभा सदस्यसम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको नगर प्रमुख, नगर उपप्रमुख तथा वडाअध्यक्ष कार्यपालिका सदस्यसमेतलाई जनाउँछ ।
(११) “कर्मचारी” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकामा तोकिएको कामका लागि तलव सुविधाप्राप्त गर्ने गरी विभिन्नप्रकृति र तहमानियुक्तिव्यक्तिलाई सम्झनु पर्छ ।
(१२) “कानून” भन्नाले सघिय संसद, प्रदेश संसद र जीतपुरसिमरा उपमहानगरपालिकाको नगर सभाले पारित गरेको ऐन कानून, र नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यसै ऐनले दिएको अधिकार प्रयोग गरी कार्यपालिका वाट अध्यादेशको रुपमा जारी ऐन कानून समेतलाई समेतलाई सम्झनुपर्छ ।
(१३) “अध्यादेश” भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन आवश्यक परेको तर नगर सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेशको रुपमा जारी गरेको तथा गर्ने ऐनलाई सम्झनुपर्छ ।
(१४) “नियम” भन्नाले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न स्थानिय सरकार सञ्चालन ऐन तथा उक्त ऐन र नगर सभाले पारित गरेको ऐन तथा अध्यादेश जारी गरी बनेको ऐन समेतको अधिनमा रही कार्यपालिकाबाट जारी भएको नियम, नियमावली, कार्यविधि, दिग्दर्शन, निर्देशिका, आदेश आदीलाई सम्झनुपर्छ ।
(१५) “जीतपुरसिमरा राजपत्र” भन्नाले नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न नगर सभा र नगर कार्यपालिकाबाट पारित गरी सरोकारवाला तथा नगरवासीलाई जानकारी गराउन एवम् लागु भएको घोषणा गर्न जारी गरेको जीतपुरसिमरा उपमहानगरपालिकाको आधिकारिक सुचनापत्रलाई सम्झनुपर्छ ।

## परिच्छेद- २
## आवश्यक कानून तर्जुमा सम्वन्धी व्यवस्था

**(३) नगरपालिकाले आवश्यक कानून तर्जुमा गर्न सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र संघीय तथा प्रदेश कानून बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न नगर सभाले आवश्यक ऐन कानूनपारित गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम पारित ऐन कानून नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछी लागु हुनेछ ।

**(४) अध्यादेशबाट कानून बनाउन सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघिय तथा प्रदेश कानूनबमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएका कार्य जिम्मेवारी पुरा गर्न तत्काल ऐन कानून आवश्यक परेको तर नगर सभा तत्काल हुन नसक्ने अवस्थामा कार्यपालिकाले अध्यादेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम जारी भएको अध्यादेश स्थानिय राजपत्रमा प्रकाशित भई लागु हुनेछ ।

(३) उपदफा (१) वमोजिम जारी भएको अध्यादेश नगर सभा नहुञ्जेल वा छ महिनासम्म कायम रहनेछ । नगर सभाले पारीत नगरेको अवस्थामापारित नगरेको दिनबाट स्वतः बदर हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएतापनि जारी भएको अध्यादेशबाट लागु भएका तथा कार्यान्वयन गरिएका काम कारवाही प्रचलित कानूनअनुसार भएको मानिनेछ ।

**(५) नियम, निर्देशिका, कार्यविधि बनाउने सक्नेः**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ को अधिनमा उपदफा २ बमोजिम नगरपालिकालाई तोकिएका अधिकारक्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनुपर्ने कार्यविधि नियमित गर्नका निमित्त कार्यपालिकाले आवश्यक नियमावली, कार्यविधि, निर्देशिका र दिग्दर्शन बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा २ (१) बमोजिम नियम बनाउन संघीय तथा प्रदेश कानूनबमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने विषयमा मात्रै बनाउनुपर्नेछ ।

(३) उपदफा (१) वमोजिम पारित नियम, नियमावली, कार्यविधि, निर्देशिका, दिग्दर्शन नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछी लागु हुनेछ ।

## परिच्छेद- ३
## विविध

(६) **खारेजी र बचाउः**

१)यो ऐन प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्मको खारेज भएको मानिनेछ ।

२) यो ऐन लागु हुनुभन्दा अगावै प्रचलित कानूनबमोजिम भएका कामकारवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

३) संघिय तथा प्रदेश कानून बन्दा र नबन्दा अन्यथा भएमा यो ऐन सोही अनुसार भएको मानिनेछ ।

आज्ञाले:
नाम: शिवकुमार कार्की
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०७५।०४।०१ गते ।
पृष्ठ संख्या: ४

जीतपुरसिमरा उपमहानगरपालिका